# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)


पत्र संख्या २०७६/७७ के.क.प्र.शा.,च.नं.१३६०

मितिः २०७६।१२।०३

श्री उत्पादन निर्देशनालय।

श्री प्रशारण निर्देशनालय।

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।

श्री अर्थ निर्देशनालय।

श्री प्रशासन निर्देशनालय।

श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय।

श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।

श्री आयोजना व्यवस्थापन निर्देशनालय।

श्री सहायक कम्पनी अनुगमन निर्देशनालय।

श्री आन्तरीक लेखा परिक्षण विभाग।

श्री ऊर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग।

विषयः परिपत्र।

विश्वका अधिकांश राष्ट्रहरुमा नोबल कोरोना भाइरस (कोभिड-१९) फैलिँदै गएको र नेपाल समेत उक्त भाइरस संक्रमणको उच्च जोखिमको सूचीमा रहेकोले नेपाल विद्युत प्राधिकरणका कर्मचारी, ग्राहक तथा सरोकारवालाहरुलाई समेत उक्त भाइरसको संक्रमणबाट बच्नको लागि तपशिल अनुसारको सतर्कता अपनाउनुका साथै रोकथाम तथा सुरक्षाको लागि नेपाल सरकार वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुले जारी गर्ने सुरक्षा र रोकथाम सम्बन्धी निर्देशनहरू समेत अनिवार्यरुपमा पालना गर्नु गराउनु हुन जानकारी गराईन्छ।

तपशिलः

(१) बढी जनसम्पर्क हुने कार्यमा खटिने कर्मचारीहरुले विशेष सुरक्षा तथा सतर्कता अपनाई कार्य गर्ने, जनसम्पर्क गर्ने स्थान र कर्मचारी यकिन गरी एकद्वार प्रणाली मार्फत ग्राहक एवं अन्य सरोकारवाला पक्षसँग सम्पर्क गर्ने व्यवस्था गरी कार्यालयको नियमित कार्य सम्पादन गर्ने।

(२) भेटघाट हुँदा हात मिलाउने अकंमाल गर्ने जस्ता क्रियाकलाप निरुत्साहित गर्दै नमस्कार द्वारा अभिवादन गर्ने।

(३) सार्वजनिक स्थल र बढी भिडभाड हुने स्थलमा जाँदा मास्क प्रयोग गर्ने।


प्रशासन निर्देशनालय
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेलः admin@nea.org.np

जनसाधन विभाग
प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेलः hrd@nea.org.np

कर्मचारी प्रशासन महाशाखा
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००२)
इमेलः admindiv@nea.org.np

केन्द्रीय कर्मचारी प्रशासन शाखा
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
इमेलः centraladmin@nea.org.np

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५

प्रधान कार्यालयः दरबारमार्ग, काठमाडौं

पत्र संख्या २०७६/७७ के.क.प्र.शा.,च.नं. १९६०

(४) संम्भव भएसम्म समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाईजर प्रयोग गर्ने र विद्युतिय हाजिरी मेशिन नजिक स्यानिटाईजर राख्ने व्यवस्था गर्ने।

(५) उच्च ज्वरो, रुघाखोकी जस्ता लक्षण देखिएमा चिकित्सकसँग चेकजाँच गराई चिकित्सकको परामर्श बमोजिम आफ्नै निवासमा आराम गर्ने।

(६) नोबल कोरोना भाइरस (कोभिड-१९) प्रभावित मुलुकहरुको भ्रमणवाट फर्की आउने कर्मचारीहरुले संक्रमण नभएको पुष्टि भएको अबस्थामा मात्र कार्यालयमा आउने।

(७) विद्युत उपयोगको माग बढ्न सक्ने देखिएकोले विद्युत आपूर्तिलाई नियमित भरपर्दो, गुणस्तरीय र सुरक्षित बनाउने व्यवस्था मिलाउने।

(८) विद्युत महशुल भुक्तानी गर्दा ग्राहकलाई विद्युतीय भुक्तानी (Online Payment) मार्फत भुक्तानी गर्न प्रोत्साहन गर्ने।

(९) कार्यालयमा हुने छलफल, बैठक आदिमा विशेष साबधानी अपनाउने र अत्यावश्यक अवस्थामा वाहेक सभा, सम्मेलन, गोष्ठी बैठक आदीको आयोजना नगर्ने।

(१०) नोबल कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट भविष्यमा आउनसक्ने परिस्थितिको सामना गर्न सम्भंव भएसम्मका पूर्व तयारीका साथै अन्य आवश्यक काम कारबाही गर्ने, गराउने।

..........................

(कुलमान घिसिङ)

कार्यकारी निर्देशक